सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
(प्रशासन शाखा)
बबरमहल, काठमाडौं

फोन नं.: ०१४२२४११६
०१४२२४११७
०१४२२९३२१
फ्याक्स नं.: ०१४२२४१४३
ई-मेल:
admin@postalservice.gov.np
nepalpost.hulak@gmail.com
बबरमहल, काठमाण्डौं, नेपाल

पत्र संख्या - क.प्र.१.१-०७७/७८
च.नं. - 820

मितिः२०७७/०८/१४

विषयः सुझाव कार्यान्वयन गर्ने सम्बन्धमा।

श्री गोश्वारा हुलाक कार्यालय, डिल्लीबजार, काठमाण्डौं।
श्री हुलाक प्रशिक्षण केन्द्र, बबरमहल, काठमाण्डौं।
श्री केन्द्रीय धनादेश कार्यालय, बबरमहल, काठमाण्डौं।
श्री फिलाटेलिक तथा हुलाक टिकट व्यवस्थापन कार्यालय, बबरमहल, काठमाण्डौं।
श्री हुलाक निर्देशनालय, विराटनगर।
श्री हुलाक निर्देशनालय, पोखरा।
श्री हुलाक निर्देशनालय, सुर्खेत।
श्री हुलाक निर्देशनालय, डोटी।
श्री जिल्ला हुलाक कार्यालयहरु, सबै (७०)।

प्रस्तुत विषयमा श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग को प.सं. स्थानिय-इटहरी/०७७/७८ च.नं. ९९०५ मिति २०७७/०८/०९ को प्राप्त पत्रानुसार जिल्ला हुलाक कार्यालयहरुमा करारमा नियुक्ति गर्दा अपनाउनुपर्ने कानूनी प्रकृया पालन भएको देखिन नआएको साथै उक्त प्रकृयामा गर्नुपर्ने विज्ञापन समेत नगरी करारमा नियुक्त भएका व्यक्तीहरु मध्ये उजुरी बमोजिम कर्मचारीका नातागोता समेत रहेको देखिन आएको हुँदा करारमा नियुक्ति गर्दा कानूनको पूर्ण पालना गराई यस प्रकारका परिपाटी रोक्न तथा कानूनको पूर्ण पालना गराउन सुझाव लेखि आएको हुँदा सोको कार्यान्वयनको लागि उक्त पत्रको छायाँप्रति यसैसाथ राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

बोधार्थः
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाण्डौं - सादर अवगतार्थ ।
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल काठमाण्डौं ।

(आनन्द बिष्ट)
शाखा अधिकृत

श्री प्रशासन शाखा,
लेखी आएको सुझाव कार्यान्वयन गर्न तथा सबैको जानकारीको लागि IT Unit मार्फत website मा upload गर्ने।
०७७/८/१५

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं
अनुसन्धान महाशाखा नं. ४

पत्र संख्या :- ४ स्थानीय-इटहरी।०७७।७८
चलानी नं :- ३३०५

मितिः-२०७७।०८।०९

विषयः सुझाव सम्बन्धमा।

श्री हुलाक सेवा विभाग,
बबरमहल, काठमाडौं।

उपरोक्त विषयमा आयोगको कार्यालय, इटहरीमा दर्ता भएको जिल्ला भोजपुर स्थित जिल्ला हुलाक कार्यालय तथा मातहतका इलाका कार्यालय एवं अतिरिक्त हुलाक कार्यालयहरुमा निमित्त कार्यालय प्रमुख देखि हल्कारा सम्मका पदहरुमा आफन्त एवं पहुचवालाहरुलाई करारमा नियुक्ति दिएको भन्ने समेत व्यहोराको उ.द.नं. C-००५३५७-१३०८, मिति २०७७।०५।०२ को उजुरी उपर छानविन हुँदा ठूला संख्यामा करारमा नियुक्ति गर्दा अपनाउनु पर्ने कानूनी प्रकृया पालन भएको देखिन नआएको साथै उक्त प्रकृयामा गर्नुपर्ने विज्ञापन समेत नगरी करारमा नियुक्ति भएका व्यक्तिहरु मध्ये उजुरी बमोजिम कर्मचारीहरुका नातागोता समेत रहेको देखिन आएको ।

अतः यस प्रकारका कार्य अरु जिल्लाहरुमा पनि हुन सक्ने देखिएकोले करारमा नियुक्ति गर्दा कानूनको पूर्ण पालना गराई यस प्रकारका परिपाटी रोक्न तथा कानूनको पूर्ण रुपमा पालना गराउन, आयोगबाट मिति २०७७/०८/०४ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) को देहाय खण्ड (ख) र (ग) बमोजिम तँहा विभागमा सुझाव लेखी पठाइएको छ साथै यस सुझाव कार्यान्वयन गराइ सो को जानकारी यस आयोगमा पठाउनु हुन निर्णयानुसार अनुरोध छ।

(रोशन कुमार घिमिरे)
शाखा अधिकृत

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
दर्ता नं. ९६१
मिति २०७७।८।१२

फोनः ४२६२१८०, ४२६२२४७, टोलफ्रि नं. : १६६०-०१-२२२३३, फ्याक्स : ४२६२१२८, ४२६२१०४, E-mail : akhtiyar@ntc.net.np
कृपया- यस महाशाखामा पत्राचार गर्दा प्रासपत्रको प.सं., च.नं. र मिति अनिवार्य रुपमा उल्लेख गर्नुहोला।